
## प्रमुख बस्तु/सेवामा आधारित आर्थिक वृद्धि सम्भाव्य क्षेत्रको नक्साङ्कन



आर्थिक वृद्धि सम्भाव्य क्षेत्र - अलैंची क्लस्टर



आर्थिक वृद्धि सम्भाव्य क्षेत्र - डेरी क्लस्टर



आर्थिक वृद्धि सम्भाव्य क्षेत्र - खाद्य प्रशोधन क्लस्टर



आर्थिक वृद्धि सम्भाव्य क्षेत्र - पर्यटन क्लस्टर


**थप जानकारीका लागि:**

Community Engagements & Outreach

400/41 Kamaladi Sadak, Kathmandu


Email: engage@ceo.com.np

Ph. No.: 01-4221507


# आर्थिक वृद्धि सम्भाव्य क्षेत्र

## सहकारीतापूर्ण आर्थिक वृद्धि र क्षेत्रीय विकासको माध्यम

Growth Cluster Approach:
A Driver for Collaborative Economic Growth &
Regional Development




Community Engagements & Outreach

## आर्थिक वृद्धि सम्भाव्य क्षेत्र (Cluster) के हो ?

- आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने बस्तु तथा सेवामा आधारित रहेर अतिरिक्त आर्थिक वृद्धि हाँसील गर्ने साझा उद्देश्यबाट अभिप्रेरित क्षेत्र हो ।
- आर्थिक वृद्धि सम्भाव्य बस्तु वा सेवा पहिचान गर्दा सम्वन्धित क्षेत्रका सरोकारवालाहरूले विभिन्न पक्षको विश्लेषणका आधारमा कृषि, उद्योग र सेवा क्षेत्रका उत्पादन मध्येबाट मुख्य र अतिरिक्त प्राथमिकता निर्धारण गर्दछन् ।
- आर्थिक वृद्धि सम्भाव्य क्षेत्रहरूले व्यवस्थित, एकीकृत, सहकार्यपूर्ण र सामूहिक प्रयास मार्फत सो क्षेत्रको आर्थिक वृद्धि र विकासको नमुना प्रस्तुत गर्नसक्ने क्षेमता राख्छन् ।

## आर्थिक वृद्धि सम्भाव्य क्षेत्र कसरी सञ्चालित हुन्छ ?

- आर्थिक वृद्धि सम्भाव्य क्षेत्र निश्चित भेगका दुई वा सोभन्दा बढी स्थानीय तहहरू र सम्वन्धित सरोकारवालाहरूका विचमा आपसी सहकार्य आधारमा सञ्चालित हुन्छ ।
- यसरी समग्र भेगकै आर्थिक वृद्धि र विकासको लागि सहयोगी नीतिहरू, आवश्यक विधि, प्रक्रिया र संस्थागत संरचना निर्धारण गरी साझा आर्थिक हित प्रवर्द्धनका गतिविधि सञ्चालित हुन्छ ।

## आर्थिक वृद्धि सम्भाव्य क्षेत्र किन ?

- स्थानीय सरकारहरू र सम्वन्धित सरोकारवाला पक्षबाट आर्थिक क्षेत्रका साझा प्राथमिकता निर्धारण तथा छरिएर भएका प्रयासहरूलाई एकीकृत गर्दै सम्वन्धित क्षेत्रको प्रमुख बस्तु वा सेवाको लाभदायक परिमाण र गुणस्तरमा उत्पादन वा प्रवाह बढाउन ।
- अनुकूल नीतिगत, संस्थागत प्रवन्ध तथा उत्पादन र व्यापार मैत्री वातावरण सिर्जना गर्न र प्रतिस्पर्धी मुल्यमा उत्पादनको बजारीकरण गर्दै अपेक्षित मुल्य अभिवृद्धि हाँसिल गर्न ।
- आर्थिक सम्भाव्य क्षेत्र मार्फत अतिरिक्त आय र रोजगारी सिर्जना गर्दै सम्वन्धित स्थानीय तह तथा समग्र भेगको आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्न ।

## प्रदेश १ मा आर्थिक वृद्धि सम्भाव्य क्षेत्र:

कम्युनिटी इन्गेजमेन्टस् एण्ड आउटरिच प्रालिले प्रदेश १ को आर्थिक आर्थिक वृद्धि सम्भाव्य क्षेत्र पहिचानका लागि निम्न विधि अवलम्वन गरेको छ ।

- प्राथमिक र द्वितियक तथ्याङ्कका आधारमा प्रदेश १ को आर्थिक वृद्धिमा उल्लेख्य योगदान गर्नसक्ने कृषि, उत्पादनमूलक उद्योग तथा सेवा क्षेत्रका प्रमुख बस्तु तथा सेवा पहिचान ।
- पहिचान भएका बस्तु तथा सेवा उत्पादन वा प्रवाह भइरहेका वा हुनसक्ने केन्द्र र आसपासका भेगको समग्र सूची तयारी
- सम्वन्धित सूचीमा रहेका क्षेत्रहरू मध्येबाट सम्वन्धित क्षेत्रका सरोकारवाहरूका विच सम्बाद र संलग्नताको सुरुवातका लागि सीमित संख्याका सम्भाव्य क्लष्टर छनौट ।
- यस क्रममा अलैंची, डेरी, खाद्य प्रशोधन उद्योग र पर्यटनको सम्भाव्य क्लष्टरहरू पहिचान भएका छन् ।

## प्रदेश १ मा आर्थिक वृद्धि सम्भाव्य क्षेत्रहरू:

द्वितीयक तथ्याङ्क अध्ययन, विभिन्न तहमा निश्चित बस्तु तथा सेवामा आधारित रहेर गरिएका समुह केन्द्रित छलफल, जानिफिकर अन्तवार्ता, सरोकारवाला परामर्श र विशेषज्ञ परामर्शका साथै आर्थिक, सामाजिक, भौगोलिक लगायत गुणात्मक सूचकहरूको थप मूल्याङ्कनबाट अलैंची, दूग्ध, खाद्य प्रशोधन उद्योगबाट १६ प्रमुख आर्थिक वृद्धि सम्भाव्य क्षेत्रहरू पहिचान गरियो ।

| क्षेत्र | बस्तु | आर्थिक वृद्धि सम्भावीत क्षेत्र | स्थानीय तहहरू |
|---|---|---|---|
| कृषि | अलैंची | ताप्लेजुङ | फक्ताङलुङ गाउँपालिका, मैवाखोला गाउँपालिका, मिक्वाखोला गाउँपालिका, फुङलिङ नगरपालिका, मेरिङदेन गाउँपालिका र सिरीजङ्घा गाउँपालिका |
| | | पाँचथर | फालेलुङ गाउँपालिका, फिदिम नगरपालिका, याङवरक गाउँपालिका, हिलिहाङ गाउँपालिका |
| | | ईलाम | सन्दकपुर गाउँपालिका, देउमाई नगरपालिका, माईजोगमाई गाउँपालिका, सूर्योदय नगरपालिका |
| | | संखुवासभा | भोटखोला गाउँपालिका, सभापोखरी गाउँपालिका, मकालु गाउँपालिका, सिलीचोङ गाउँपालिका, चिचिला गाउँपालिका |
| | डेरी | मोरङ | बेलबारी नगरपालिका, सुन्दरहरैचा नगरपलिका, उर्लाबारी नगरपालिका, ग्रामथान गाउँपालिका, केराबारी गाउँपालिका, रंगेली नगरपलिका, सुनवर्षि नगरपालिका |
| | | सुनसरी | बराहक्षेत्र नगरपालिका, इटहरी उपमहानगरपालिका, दुहबी नगरपालिका, धरान उपमहानगरपालिका, इनरूवा नगर पालिका, देवानगञ्ज गाउँपालिका, कोशी गाउँपालिका |
| | | झापा | अर्जुनधारा नगरपालिका, मेचीनगर नगरपालिका, बुद्धशान्ति गाउँपालिका |
| | | इलाम | सूर्योदय नगरपालिका, रोङ गाउँपालिका |
| उत्पादनमूलक उद्योग | खाद्य प्रशोधन उद्योग | मोरङ, सुनसरी | विराटनगर महानगरपालिका, बुढीगंगा गाउँपालिका, कटहरी गाउँपालिका, दुहबी नगरपालिका, इटहरी उपमहानगरपालिका |
| | | झापा | बिर्तामोड नगरपालिका, भद्रपुर नगरपालिका |
| सेवा | पर्यटन | तिनजुरे, मिल्के, जलजले (TMJ) | मेन्छयायेम गाउँपालिका, लालिगुराँस नगरपालिका, मैवाखोला गाउँपालिका, धर्मदेवी नगरपालिका, मादी नगरपालिका, चैनपुर नगरपालिका |
| | | कोशी टपु-बराहक्षेत्र | कोशी गाउँपालिका, बराहक्षेत्र नगरपालिका |
| | | धरान-भेडेटार | धरान उपमहानगरपालिका, साँगुरीगढी गाउँपालिका |
| | | इलाम | इलाम नगरपालिका, रोङ गाउँपालिका, सूर्योदय नगरपालिका |
| | | सगरमाथा-खुम्बु | खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुदुधकुण्ड नगरपालिका |
| | | कञ्चनजङ्घा-पाथीभरा | फक्ताङलुङ गाउँपालिका, फुङलिङ नगरपालिका |